व्यास नगर कार्यपालिकाको २३१ औं बैठक आज मिति २०८२/१०/२३ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.२ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं.४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडाअध्यक्ष वडानं. ५ | - श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं.८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं.११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्नादुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य – सचिव | - श्री सुकदेव लम्साल | उपस्थित |
| का.वा. अध्यक्ष | - श्री सन्तोष जि.सी. | उपस्थित |
| का.वा. अध्यक्ष | - श्री राजकुमारी सेढाइ | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: मिति २०८२/१०/०७ गते भएको २३० औं कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: अल्ट्राम्याराथनको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.३: नगरपालिकाको दोस्रो समीक्षा बैठक सम्बन्धमा ।
प्रस्ताव नं.४: संशोधित आय-व्यको प्रगति समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.५: संशोधित संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार पद दर्ता सम्बन्धमा ।
प्रस्ताव नं.६: नगरपालिकाको सीमा हेरफेर एवं स्तरबृद्धि सम्बन्धमा ।
प्रस्ताव नं.७: सरसफाई व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.८: रिक्त शिक्षक दरबन्दी व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.९: वास (WASH) अन्तर्गत तथ्याङ्क लिने सम्बन्धमा ।
प्रस्ताव नं.१० योजना परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.११ सामान लिलाम बिक्री अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.१२ जग्गा रजिष्ट्रेशन पारित सम्बन्धमा ।
प्रस्ताव नं.१३ मेशिन प्रयोग गर्न अनुमति दिने सम्बन्धमा ।
प्रस्ताव नं.१४ IRIS DIVICE व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१५ व्यास नगरपालिका स्लेट ढुङ्गा उत्खनन् तथा कटिङ उद्योग सञ्चालन कार्यविधि तेस्रो संशोधन २०८० लाई संशोधन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१६ UCLG ASPAC को सदस्यता नवीकरण सम्बन्धमा ।
प्रस्ताव नं.१७ पिपलको रुख कटान सम्बन्धमा ।
प्रस्ताव नं.१८ विपद्जन्य उपचार खर्च एवं अत्यावश्यक कार्य सम्बन्धमा ।
प्रस्ताव नं.१९ क्रमागत संघ समपूरक योजना प्रस्ताव सम्बन्धमा ।
प्रस्ताव नं.२० नयाँ समपूरक योजना प्रस्ताव सम्बन्धमा ।

**निर्णयहरु:**

निर्णय नं.१: प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८२/१०/०७ गते भएको २३० औं कार्यपालिका बैठक र कार्यालयको सेवा प्रवाहका सम्बन्धमा समीक्षा गरियो

निर्णय नं.२: प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको आयोजनामा २०८२ माघ १६ गते शहिद दिवसका दिन व्यास ५ मानुङ्गकोटबाट व्यास ८ पुलिमराङसम्मको ४४ कि.मी. अल्ट्रा म्याराथनको समीक्षा गरियो । अल्ट्रा म्याराथन सफलतापूर्वक सम्पन्न भएकाले सम्बन्धित सबै समिति, स्थानीय टोल विकास संस्था, आमा समूह, सञ्चार क्षेत्र र सम्बन्धित कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो । साथै उक्त आयोजनामा रजिष्ट्रेशन दस्तुर रू.१२,४००/- प्राप्त भई कुल खर्च रू.७,०३,५२५/- रहेकोमा रजिष्ट्रेशन दस्तुर घटाई अन्तिम खर्च रू.६,९१,१२५/- भएको अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.३: प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको दोस्रो त्रैमासिक समीक्षा बैठक मिति २०८२/१०/२९ गते बिहीबार दिनको १:०० बजे नगरपालिका सभा कक्षमा गर्ने गरी सबै जनप्रतिनिधि र शाखा/ उपशाखा प्रमुख, सबै वडा सचिवहरुलाई सहभागी गराउने निर्णय गरियो ।

निर्णय नं.४: प्रस्ताव नं. ४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको ४४ औं नगर सभाबाट पारित संशोधित आ.व.२०८२/०८३ को कूल आयव्यय रू.१,७२,४२,०४,५००। (पूँजीगत तर्फ रू.७७,२९,८०,५००।, चालु तर्फ रू.९५,२२,२४,०००।) मध्ये कुल आय-व्ययमा २०८२/१०/२२ सम्म ४२.१९ प्रतिशत आय प्राप्त भई चालु तर्फ ४२.९२ प्रतिशत, पूँजीगत तर्फ १४.८६ प्रतिशत खर्च भई कुल ३०.३५ प्रतिशत खर्च भएको बैठकमा समीक्षा गरी प्राप्त आयका आधारमा योजना कार्यान्वयनमा जोड दिने निर्णय गरियो ।

निर्णय नं.५: प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरसभाको ४४ औं बैठकबाट पारित व्यास नगरपालिकाको संशोधित संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसार कायम भएका पदहरु गण्डकी प्रदेश सरकारमा दर्ता गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.६: प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा स्थानीय सरकार सञ्चालन ऐन अनुसार आगामी स्थानीय तहको निर्वाचन हुन १ बर्ष अगाडी नै भौगोलिक संरचना एवं स्तरवृद्धि सम्बन्धमा प्रदेश सरकार मार्फत नेपाल सरकारमा प्रस्ताव गर्नुपर्ने हुँदा यस नगरपालिकाको वडाहरुको सिमाना हेरफेर लगायत विषयमा अध्ययन गरी ०८२ फाल्गुण महिनाभित्र प्रतिवेदन पेश गर्न निम्नानुसार समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १. संयोजक | श्री इन्दिरा दरै | - उपप्रमुख |
| २. सदस्य | श्री रमेशचन्द्र हड्खले | - वडा अध्यक्ष १ |
| ३. सदस्य | श्री विष्णुकुमार श्रेष्ठ (हिमाल) | - वडा अध्यक्ष ५ |
| ४. सदस्य | श्री चन्द्रमाया परियार | - कार्यपालिका सदस्य |
| ५. सदस्य- सचिव | श्री भूमि नियमन तथा घर नक्सा शाखा प्रमुख | |

निर्णय नं.७: प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा नगरपालिका अन्तर्गत दैनिक सरसफाई सम्बन्धी सेवा गर्ने कार्यमा क्रियाशिल सम्बन्धित समिति र कर्मचारीलाई धन्यवाद ज्ञापन गर्दै निषेधित प्लाष्टिक प्रतिबन्धित गर्ने र सडक व्यवस्थापन कार्यमा अझै प्रभावकारी कार्य गर्नुपर्ने देखिंदा सम्बन्धित हामी सबै प्रतिवद्ध रही सम्पूर्ण नगरवासी, व्यवसायीलाई समेत सहयोगका लागि अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.८: प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गत राजिनामा गरी वा स्थायी दरबन्दीमा पदस्थापन भई रिक्त रहन गएका स्थायी दरबन्दी वा अनुदानका दरबन्दीलाई निर्वाचन आचार संहिताको अवधि समाप्त भएपछि व्यवस्थापन गर्ने निर्णय गरियो । कार्यरत शिक्षकबाटै रिक्त स्थानमा विद्यार्थीको पठन-पाठन सुचारु गर्ने गराउने प्रबन्ध मिलाउन शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.९: प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा मिति २०८१/६/२१ मा गठित खानेपानी सरसफाई तथा स्वच्छता योजना (खासस्व) कार्यदलमा रहनु भएका प्रमुख प्रशासकीय अधिकृत हाल परिवर्तित हुनु भएकाले उक्त स्थानमा हालका प्रमुख प्रशासकीय अधिकृत श्री सुकदेव लम्साल रहने गरी अन्य कार्यदल सदस्य एवं पदाधिकारी यथावत रहने गरी संशोधन गर्ने निर्णय गरियो । साथै प्रदेश र संघबाट प्राप्त सशर्त रकम रू.४,००,०००। (चार लाख) खर्च व्यवस्थापन गर्न राजस्व समितिलाई जिम्मेवारी तोक्ने र बाँकी कार्य बढाउन निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.१०: प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा निम्न योजनाहरुलाई सम्बन्धित वडाको सिफारिसका आधारमा तल लेखिए बमोजिम योजनाहरु परिवर्तन गरी नगरसभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

| सि.नं. | हालको योजनाको नाम | परिवर्तन हुने योजनाको नाम | वडा नं. | विनियोगित रकम रू. | सि. नं. |
|---|---|---|---|---|---|
| १. | बानम्दी बराह अधुरो मन्दिर एवं तारबार | पानम्दी बराह अधुरो मन्दिर एवं तारबार | ५ | ४०००००/- | ९०९ |
| | | मानुङ प्रा.वि. चमेना गृह निर्माण | | १०००००/- | |
| २. | निर्मल नगर अधुरो नाला निर्माण | निर्मल जनसुधार पि.सि.सी. ढलान | १ | ४०००००/- | १०५६ |
| ३. | बुल्दीको पुलदेखि गैह्रागाउँ जाने कुलो माथि स्ल्याव राख्ने | गैह्रीगाउँ अधुरो नाला निर्माण | ४ | २,००,०००/- | ५१९ |

निर्णय नं.११: प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका कार्यालय र वडा कार्यालयहरुमा साविक गा.वि.स. समयदेखिका पुराना जिर्ण भई काम नलाग्ने र प्रयोग बिहिन भई आ.व. २०८१/०८२ को जिन्सी निरीक्षण प्रतिवेदन अनुसार लिलाम विक्री गर्नुपर्ने भनी आएका जिन्सी मालसामानहरुको लिलामका लागि २०८२/१०/१२ गते मादिसेती प्रवाहमा प्रकाशित सूचना अनुसार प्राप्त हुन आएका फर्म मध्ये सबै भन्दा बढी डाँक कवोल गर्ने अमृत थापा मगर बन्दिपुर ३ ले रू.४४,५००/- (अक्षेरुपी चौवालिस हजार पाँचसय) डाँक कवोल गरेकाले उक्त कवोल अङ्क स्वीकृत गरी उक्त सामानहरु लिलाम बिक्री गर्ने निर्णय गरियो ।

निर्णय नं.१२: प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१२ छाब्दी स्थित श्री छाब्दी बराही आधारभुत विद्यालयलाई व्यास १४ निवासी श्री थान बहादुर थापाले आफ्नो नाममा रहेको व्यास १२ साविक कर्लुङ ५ (क) कि.नं. ८२२ को ०-५-०-० पाँच आना जग्गा विद्यालयलाई निःशुल्क रजिष्ट्रेशन गरिदिनु मञ्जुर भई विद्यालयबाट मालपोत कार्यालय तनहुँलाई सिफारिस पाउँ भनी आएकाले नियमानुसार जग्गा पारित गरिदुनु हुन सिफारिस दिने निर्णय गरियो ।

निर्णय नं.१३: प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश सरकार उर्जा जलश्रोत तथा खानेपानी मन्त्रालय, जलश्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय तनहुँको मिति २०८२/१०/२१ को च.नं. ४२८ को सहमती माग भई आएको हुँदा व्यास ३ स्थित मादिबुल्दी शवदाह स्थल संरक्षण योजनामा ग१त ३५३७ को एक्साभेटर प्रयोग गर्ने सहमति माग भएकाले दिन एकिन गरी उक्त स्थानको सामाग्री अन्यत्र लैजान नपाउने गरी सहमती दिन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.१४: प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुंदा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको पहिचान, दर्ता तथा नविकरणलाई व्यवस्थित गर्न सम्बन्धित विभागको मिति २०८२/१०/२० को परिपत्रानुसार IRIS-Device मार्फत प्रमाणिकरण गर्ने व्यवस्थाका लागि आवश्यक प्रबन्ध गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.१५: प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका स्लेट ढुङ्गा उत्खनन् तथा उद्योग सञ्चालन कार्यविधि (तेस्रो संशोधन २०८०) लाई संशोधन गरी तपसिल बमोजिम नियम १२ पछि नियम १२ (क) र नियम १२ (ख) थप गर्ने निर्णय गरियो ।

१२ (क) अनुमतिपत्र नामसारी सम्बन्धमा : स्लेट ढुङ्गा उत्खनन् उद्योग तथा कटिङ्ग उद्योग सञ्चालकले बिक्री गरी अन्य व्यक्तिको नाममा नामसारी गर्न चाहेमा दिने र लिने दुवै जनाको संयुक्त मञ्जुरी सहितको निवेदन, सम्बन्धित वडाको सिफारिस, दर्ता तथा नवीकरण प्रमाणपत्र, कर तिरेको रसिद सहित पेश हुन आएमा आर्थिक ऐनमा उल्लेखित दस्तुर लिई स्लेट ढुङ्गा अनुगमन तथा मूल्याङ्कन समितिको निर्णय बमोजिम नामसारी गर्न सकिनेछ ।

१२ (ख) अनुमति पत्र ठाउँसारी सम्बन्धमा : स्लेट ढुङ्गा कटिङ उद्योग सञ्चाकले व्यास नगरपालिका क्षेत्रभित्र कुनै एक स्थानबाट अन्य स्थानमा उद्योग ठाउँसारी गर्न चाहेमा कार्यविधिको नियम (६) बमोजिमको योग्यता पुरा गरी निवेदन पेश हुन आएमा स्लेट ढुङ्गा सम्बन्धी अनुगमन तथा मूल्याङ्कन समितिको निर्णय बमोजिम ठाउँसारी गर्न सकिनेछ ।

निर्णय नं.१६: प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा बर्षौदेखि यस नगरपालिका सदस्य रहदै आएको UNITE CITIES AND LOCAL GOVERNMENTS ASIA PACIFIC (UCLG ASPAC) संस्थाको बर्ष २०२५ र २०२६ को वार्षिक USD 483 सदस्यता शुल्क बुझाई पुनः नवीकरण गर्ने निर्णय गरियो ।

निर्णय नं.१७: प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका ५ नं. वडा कार्यालयको मिति २०८२/१०/१५ गतेको सिफारिसद्वारा रानीटारी टोल विकास संस्था र नेपालटार टोल विकास संस्थाको सीमानामा रहेको र पिपलको रूख बुढो भएको हुँदा हावाहुरी आउँदा आवत-जावत गर्दा जोखिम भएकोले रूख हटाउन अनुरोध भई आएकोले उक्त रूख हटाउन डिभिजन वन कार्यालय, तनहुँलाई अनुमतिका लागि सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं.१८: प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा विपदजन्य कार्य एवं अत्यावश्यक निम्न योजनामा निम्नानुसार श्रोत सुनिश्चित गर्ने निर्णय गरियो।

| सि.नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | चारकुने स्वास्थ्य चौकी खानेपानी पाइप व्यवस्थापन | १ | १३,७००/- | ७२ |
| २. | मोहोरियाटार जेष्ठ नागरिक दिवा सेवा सञ्चालन सहयोग | १ | ७०,०००/- | १०४ |
| ३. | तनहुँ उद्योग बाणिज्य संघ विज्ञापन सहयोग | २ | २०,०००/- | ३६ |
| ४. | जुठे पुरी, माउँ बाख्रा बाघले खाएकाले राहत | ६ | १०,०००/- | विपद् चालु |
| ५. | दिपक थापाको ३ बाख्रा खसी अचानक मृत्यु | ९ | २५,०००/- | विपद् चालु |
| ६. | विष्णु कृषि फार्म पाइप मोटर खरिद सहयोग | १० | ४५,०००/- | १४२ |
| ७. | जीर्ण कालिका मन्दिर पुनःनिर्माण सहभागीता | १०/११ | ६०,०००/- | ७२ |
| ८. | आवधिक योजना निर्माण | नगर | १६,००,०००/- | ६६ |
| ९. | १३ स्वास्थ्य संस्थाहरुको सामाजिक परीक्षण | नगर | २,५०,०००/- | ६६ |
| १०. | लियो क्लव कार्यक्रम सहयोग | | ३५,०००/- | ७२ |
| ११. | नेपाल वार तनहुँ जिल्ला वार इकाई कार्यक्रम सहयोग | | ४०,०००/- | ७२ |

निर्णय नं.१९: प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत व्यास ११ मा पर्ने खड्गकाली मार्ग निर्माणको आ.व. २०८३/०८३ का लागि समपूरक ऋमागत योजना अन्तर्गत रू.१ करोड बरावरको योजना मध्ये व्यास नगरपालिकाले रू.७० लाख व्यहोर्ने गरी र रू.३० लाख बरावर संघ मार्फत माग गर्ने गरी संघ समपूरक ऋमागत योजनाको रुपमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.२०: प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत व्यास १३ र १४ मा पर्ने केशवटार मार्ग निर्माणका लागि आ.व. २०८३/०८४ मा संघीय सरकारको समपूरक योजनामा पर्ने गरी कुल २ करोड बरावरको आयोजना मध्ये व्यास नगरपालिकाले रू.१ करोड ४० लाख व्यहोर्ने गरी रू.६० लाख संघ मार्फत माग गर्ने गरी उक्त योजना संघ समपूरक योजनाको रुपमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

***